परिवर्तनको लागि
# क्राईम अपरेशन
CRIME OPERATION
साप्ताहिक

❑ वर्ष १० ❑ अंक ४५ २०७९ असार १२ गते आईतवार Sunday 26, JUN 2022 ❑ पृष्ठ: ६, ❑ मूल्य रु. १०/-

पानीको सही सदुपयोग गरौं । पानी महसुल समयमै तिरी अनावश्यक जरिवानाबाट बचौं ।

नेपाल खानेपानी संस्थान शाखा
कार्यालय देवकोटा चौक
विराटनगर

## महामना रघुनाथ ठाकुरको जीवनीमा आधारीत स्मृति पुस्तक प्रकाशन गर्ने अठोट




विराटनगर । ४१ औं स्मृति दिवसको अवसरमा महामना रघुनाथ ठाकुर 'मधेशी' को जीवनीमा आधारीत स्मृति पुस्तक प्रकाशन गर्ने मधेशका राजनीतिक, सामाजक, बौद्धिक लगायतको अगुवाहरुले अठोठ गरेका छन् ।

विराटनगरको नेपाल पत्रकार महासंघ मोरंगको सभाहलमा मिथला टाईम्स (मैथली मासिक) पत्रिकाको सम्पादक एवं राजनीतिक कर्मी रामरिझन यादवले आयोजना गरको महामना रघुनाथ ठाकुरको ४१ औं स्मृति दिवसको अवसरमा श्रद्धान्जली सभामा उपस्थित रहेका वक्ताहरुले सो अठोट गरेका हुन् ।

श्रद्धान्जली सभाका प्रमुख अतिथी पूर्व सदभावना पार्टीकी अध्यक्ष राजनीति कर्मी सरीता गिरीले ठाकुरको फोटोमा माल्यार्पण गर्दै मधेशी जनताको अधिकारका लागि राजनितीक दल र विभिन्न कालखण्डमा मधेशीको अवाज उठाउने व्यक्तिहरुका बारेमा चर्चा गर्दै त्यस्ता महान व्यक्तिहरुलाई राज्यवाटै सम्मान पाउनु पर्ने तर मधेशी भएकै कारण सो सम्मान नभएको भन्दै मधेशी माथि अहिले पनि राज्यले विभेद गरी रहेको वताए । गोप्य मतदान लाई नै सदुपयोग गर्दै सरकार वनाउने गरी निर्वाचनमा मधेशी दलले मत ल्याउनु पन वहांको तर्क थियो । रघुनाथ ठाकुरको जीवनीमा आधारी स्मृति पुस्तक प्रकाशन गर्न लगिएकोमा खुशी व्यक्त गर्दै ठाकुरको जीवनीका वारेमा केही लेखर सहयोग गर्ने वताए ।

ठाकुरको जीवनीमा आधारीत स्मृति पुस्तक र ठाकुरले लेखेको विभिन्न पुस्तकहरुको पुन: प्रकाशन गरी ४२ स्मृति दिवस मनाउने भएको छ । उक्त पुस्तक प्रकाशनको लागि सल्लाहकार सम्पादक रामरिझन यादव र कार्यकारी सम्पादकको जिम्मेवारी शिवनारायण पंडित( सिगंल) ले लिएका छन् ।

नेपालमा संघियता २०६३ सलाको मधेश जनविद्रोले औपचारीक रुपमा प्रवेश पाए पनि संघियताको माग गरेको ६५ वर्षभन्दा बढी भइसकेको छ । ००७ सालमा राणाशासनको अन्त्यसँगै नेपालको तराईलाई संघीय प्रान्तमा लानुपर्ने आवाज उठेको थियो ।

०४६ को परिर्वतनमा सद्भावना पार्टी स्थापना भएपछि यो मुद्दा अझ परिस्कृत भयो । ०६३ मा आइपुग्दा मधेसी जनअधिकार फोरम नेपालको उदय भयो, जसको आन्दोलनले संघीयतालाई स्थापित गर्‍यो ।

तराई कांग्रेसको स्थापनासँगै विद्यार्थीहरूको एउटा जमात पनि

वांकी ६ पेजमा...

## नावालिकलाई भारत तर्फ लैजादै गरेको अवस्थामा

विराटनगर । १३ वर्षिय नावालिकलाई बेचविखनको लागि भारत तर्फ लैजादै गरको अवस्थामा एक महिला र एक जना पुरुषलाई प्रहरीले पक्राउ गरका छन् ।

घटनाको विवरण अनुसार मोरङको बिराटनगर महानगर पालिका-१५ स्थित रानी भन्सार कार्यालयको २ नम्बर ढाँट सिमा क्षेत्रबाट प्रहरीले मानव बेचबिखन तथा ओसारपसारमा संलग्न २ जनालाई पक्राउ गरेको हो ।

पक्राउ पर्नेमा भारत घर भई हाल झापाको बिर्तामोड नगरपालिका-५ मा डेरा गरी बस्ने २३ बर्षीय हिरा कुमार सहनी र बाराको कोल्वी नगरपालिका-४ कि १९ बर्षीया सिरिसा सिंह महथा रहेका छन् ।

उनीहरुले असार ५ गते बेलुकी ७ बजे बिराटनगरको रानी सिमा क्षेत्रबाट झापा बिर्तामोड कि १३ बर्षीया नावालिकालाई भारततर्फ लैजादै गरेको अवस्थामा साना हात नेपाल विराटनगरको समन्वयमा ईलाका प्रहरी कार्यालय रानीबाट

वांकी अन्तिम पेजमा...

## आन्दोलनमा उद्योगी र मजदुर

विराटनगर । बजेटको नीति सच्याउन माग गर्दै मोरङका उद्योगी र मजदुरले आन्तरिक राजस्व कार्यालय विराटनगरमा धर्ना दिएका छन् । बजेटमा प्रस्तुत मध्ये तीन क्षेत्रको करको दर समायोजन गर्न माग धर्ना दिएका हुन् ।

स्यानेटरी प्याड, वनस्पति तेल र एमएस वायरमा आधारित स्टील उद्योगको संरक्षणको माग गर्दै बिहीबारयता मोरङका उद्योगी व्यावयासी र मजदुरहरु आन्दोलन मा उत्रेका छन् ।

केही दिनअघि अर्थमन्त्रीलाई भेटेर बजेट नीति सच्याउन माग गरेपनि माग सम्बोधन नभएको उद्योगीको गुनासो छ । बिहीबार सडकमा प्रदर्शन गरेका उद्योगीले शुक्रवार आन्तरिक राजस्व कार्यालय अगाडि धर्ना दिएका हुन् । माग सम्बोधन नभए आइतबाटरबाट चक्का जाम गर्ने तयारी उद्योगी र मजदुरको छ ।

वांकी ३ पेजमा...

## विराटनगर महानगरको बजेट ३ अर्ब ६२ करोड

विराटनगर । प्रदेश १ मा १ को विराटनगर महानगरपालिकाले आर्थिक वर्ष २०७९/०८० को लागि ३ अर्ब ६२ करोड ५५ लाख ६७ हजारको बजेट प्रस्तुत गरेको छ ।

विराटनगर महानगरपालिकाको नगर सभाको दशौ महाधिवेशनमा महानगर प्रमुख नागेश कोइरालाको अनुमतिले उपप्रमुख शिल्पा निराला कार्कीले सो बजेट प्रस्तुत गरेको थियो ।

उक्त बजेट मध्ये कार्यालय संचालन तथा प्रशासनिक खर्च रू. ५५ करोड ३५ लाख ५० हजार, पुर्वाधार विकास क्षेत्र तर्फ १ अर्ब ८९ करोड ७१ लाख १७ हजार, आर्थिक विकास तर्फ २७ करोड ७३ लाख, समाजिक विकास तर्फ ७८ करोड ३९ लाख, सुशासन तथा अन्तर सम्वन्धित तर्फ ७ करोड ७७ लाख र वातावरण क्षेत्र तर्फ ३ करोड ६० लाख खर्च हुने अनुमान गरिएको छ ।

आर्थिक वर्ष २०७९/०८० को मुख्य आयोजनाहरूमा वडा स्तरीय आयोजनामा ४१ करोड ६८ लाख १७ हजार, नगर स्तरीय आयोजनाका लागि ३० करोड, बहुवर्षिय तथा गौरवका आयोजनाका लागि २९ करोड, क्रमागत योजनाको भुक्तानीका लागि ४० करोड मर्मत सम्भारका लागि १८ करोड, अन्य पुर्वाधार तर्फ ९ करोड ८० लाख फोहरपानी प्रशोधन केन्द्रको लागि २ करोड ५० लाख, सम्पुरककोषको लागि ४ करोड ८० लाख विनियोजन गरेको छ ।

वांकी ६ पेजमा...

## स्वच्छ खाद्य पदार्थ उपभोगका लाग अनुरोध

- प्याक भएका खाद्य पदार्थहरुको लेवलमा उत्पादन मिति, उपभोग्य मिति, व्याच नं., तौल, उद्योगको नाम ठेगाना आदि हेरेर मात्र उपभोग गरौं ।
- अस्वभाविक रंग भएका रंगीचंगी खाद्य पदार्थ उपभोग नगरौं ।
- खाद्य पदार्थको गुणस्तर सम्वन्धमा कुनै गुनासो भए सम्बन्धित निकायमा जानकारी गराऔं ।
- साथै खाद्य पदार्थ उत्पादक उद्योगले खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालयवाट अनुज्ञापत्र लिएपछि मात्र उत्पादन तथा विक्री वितरण गर्ने गरौं ।

खाद्य प्रविधि तथा गुण नियन्त्रण
कार्यालय विराटनगर
सम्पर्क :- ०२१४७०८२८



## महामना...

मधेसमा छुट्टै अभियानका साथ अघि बढेको देखिन्छ। मधेसी विद्यार्थीहरूलाई नेपाल सरकारको तर्फबाट प्रदान गरिने छात्रवृत्तिहरूमा समान अवसर दिनुपर्ने भन्दै विद्यार्थी नेता रघुनाथ ठाकुरले काठमाडौं आएर राजदरबारअगाडि धर्नासमेत दिएका थिए । पछि तिनै ठाकुरले मधेस जनक्रान्तिकारी दल र मधेस मुक्ति मोर्चा नामका अभियानहरू सञ्चालन गरेका थिए ।

ठाकुरले ०१३ सालमा 'परतन्त्र मधेस और उसकी संस्कृति' नामक किताब लेखेर मधेसको समस्यालाई दस्तावेजीकरण गरेका थिए । उक्त किताब अहिलेसम्म पनि मधेसको राजनीतिक वृत्त र बहसमा लोकप्रिय देखिन्छ । ठाकुरको अभियानमै सरिक कपिलवस्तुका रघुनाथ जी राय, रामजी मि श्र, सत्यमणि त्रिपाठी लगायतको एउटा समूह ०१७ मा प्रजातन्त्रको अपहरणपछि भूमिगत हुन पुग्यो । ठाकुरसँगै उनीहरू सबैलाई प्रहरीले ०३८ सालमा हत्या गरे । ठाकुरले हतियार नउठाए पनि पञ्चायतकालमा भूमिगत रूपमा मधेस अभियान सञ्चालन गरेका थिए । ठाकुर हाल सुनसरी जिल्लाको हरिनगरा गाउँपालिका वासीन्दा थिए ।

४१ स्मृति सभा ठाकुरको बुहारी सुधा ठाकुरको सभापतित्वमा सम्पन्न भएको थियो ।

## विराटनगर...

अनुमान गरिएको खर्च व्योहर्ने स्रोत मध्ये सघिय सरकार अन्तर सरकारी वित्तीय हस्तान्तरण तर्फ १ अर्ब २१ करोड ८५ लाख र प्रदेश सरकार तर्फ ४ करोड ९१ लाख ९७ हजार, राजश्व बांडफाड १ अर्ब १३ करोड ९९ लाख ७० हजार, आन्तरिक आय १ अर्ब जनसहभागिता ८ करोड, अन्य अनुदान तथा ऋण १० करोड १९ लाख, अन्य संघसंस्था ३ करोड ६० लाख अनुमान गरिएको छ ।

त्यसैगरी त्रिवर्षीय मध्यकालीन संरचना अनुरुप आर्थिक वर्ष २०८०/०८१ को लागि रु. ३ अर्ब ९८ करोड ८१ लाख २३ हजार र आर्थिक वर्ष २०८१/०८२ को लागि रु. ४ अर्ब ३८ करोड ६९ लाख ३६ हजार आय तथा व्यय अनुमान गरिएको छ ।

स्थानीय तह प्रारम्भ भएपछिको पाँच आर्थिक वर्षमा कति-कति बजेट ?

आर्थिक वर्ष ०७४/०७५ मा ८४ करोड ६३ लाख १० हजारको बजेट ल्याएको विराटनगरले आर्थिक वर्ष ०७५/०७६ मा ४ अर्ब ७४ करोड ८५ लाख बजेट ल्याएको थियो ।

आर्थिक वर्ष ०७६/०७७ मा ४ अर्ब ४३ करोड ३४ लाख ४४ हजार बजेट ल्याएको महानगरपालिको यथार्थ आय भने त्यसको आधामा खुम्चियो । उक्त आर्थिक वर्षको ययार्थ आम्दानी २ अर्ब ४८ करोड २८ लाख मात्रै भएको थियो । यस्तै आर्थिक वर्ष ०७७/०७८ मा पनि संशोधित अनुमान आय ४ अर्ब २५ करोड १४ लाख ६० हजार ३ सय १८ अनुमान गरिएकोमा यथार्थ आय २ अर्ब १८ करोड ३४ लाख ७ हजार २ सय १२ रुपैयाँ मात्र भएको छ ।

यस्तै चालू आर्थिक वर्षका लागि महानगरपालिकाले ४ अर्ब ६० करोड ८१ लाखको बजेट ल्याएको थियो । आर्थिक वर्ष ०७८/०७९ को बजेटमा आगामी दुई आर्थिक वर्षको बजेटको आधार पनि अनुमान गरिएको थियो ।

## नावालिक...

खटिएको प्रहरी टोलीले पक्राउ गरेको थियो ।

पक्राउ परेका उनिहरुको अनुसन्धानको क्रममा वेचबिखन गर्ने उद्देश्यले भारत तर्फ लैजादै गरेको खुल्न आएको छ ।

पक्राउ परेका दुवैजनाको मानव वेचबिखन तथा ओसारपसार मुद्दामा सम्मानित मोरङ जिल्ला अदालतबाट म्याद थप गरी थप अनुसन्धान भईरहेको जिल्ला प्रहरी कार्यालय मोरङले जनाएको छ ।

## आन्दोलनमा...

बजेट भाषणका क्रममा अर्थमन्त्री जनार्दन शर्माले स्यानेटरी प्याडको आयातमा लाग्दै आएको १५ प्रतिशतको भन्सार महशुललाई ९० प्रतिशत कटौती गरी १.५ प्रतिशत कायम गरेका थिए । तयारी बस्तुमा १.५ प्रतिशत कायम गरेपनि कच्चा पदार्थमा साढे ७ प्रतिशत भन्सार महशुल कायम गरिएको छ । सरकारको नीतिले स्यानिटरी उद्योग बन्द हुने उद्योगीको गुनासो छ । नयाँ व्यवस्थाले जिआइ वायरमा आधारित स्टील उद्योग पनि संटकम परेको उद्योगीको गुनासो छ ।


## विराटनगर महानगरपालिकाको सूचना

- ❐ मिसावट गरिएका, सडेगलेका तथा अस्वस्थकर खानेकुराहरु नखाऔं ।
- ❐ उपभोक्ता हित संरक्षणमा चनाखो बनौं ।
- ❐ छाला भएको मासु नखाऔं र विक्री तिवरणमा समेत निरुत्साहित गरौं ।
- ❐ आखद रंग प्रयोग गरेका खाद्य पदार्थहरुको उपभोग बहिस्कार गरौं ।
- ❐ छाडा चौपायाको नियन्त्रण गरौं , घरपालुवा चौपायाहरु छाडा नछाडौ ।
- ❐ सडक तथा पेटीकीनारामा आवागमन अवरोध हुने गरी निर्माण समाग्री नराखौं तथा व्यापार व्यवसाय नगरौं ।
- ❐ बसोबास स्थल, टोलमा व्यवसायिकरुपमा पशुपालन कुखुरा पालन गर्दा छरछिमेकमा असर नपर्ने गरी पालौं ।
- ❐ सवारी साधनहरु तोकिएको स्थानमा मात्र पार्किङ्ग गरौं ।
- ❐ बालबालिकालाई काममा हैन विद्यालय पठाऔं ।
- ❐ बालश्रम शोषणविरुद्धको आचारसंहिता पालना गरौं बालश्रम शोषण मुक्त नगरको स्थापना गरौं।
- ❐ बालश्रम शोषण समाजिक अपराध हो ।
- ❐ विराटनगर उपमहानगरपालिका क्षेत्रका प्रत्येक घरलाई बालसंक्षणगृहको रुपमा स्थापित गरौं।
- ❐ सार्वजनिक स्थलमा जताततै फोहोरमैला नफालौं ।

## बर्षातको समयमा हुने पानीजन्य रोग प्रति सजग रहौं

*फोहोर पानीले झाडापखाला, हैजा, टाईफाइड, आउँ, जण्डिस जस्ता रोगहरू लाग्न सक्छन ।*

*त्यसैले,*

- *खोला, धारा वा मूलको पानी सिधै नपिऔं ।*
- *पानी उमालेर वा शुद्धिकरण गरेर मात्र पिऔं ।*
- *पानीलाई पीयुष, अक्वाट्याब्स वा अन्य क्लोरिन जन्य कुराहरू हालेर शुद्धिकरण गरौं ।*
- *पिउने पानीलाई सफा भाँडामा छोपेर राखौं र सफा भाँडाले पानी झिक्ने गरौं ।*

नेपाल सरकार, विज्ञापन बोर्ड

## पखालाबाट बचौं र बचाऔं

- खुलास्थानमा शौच नगरौं, शौचालयको प्रयोग गरौं ।
- शौचालयको प्रयोग र फोहोर छोएपछि साबुनपानीले मिचिमिचि हात धुने गरौं ।
- खाना बनाउनु खुवाउनु र खानु अघि पनि साबुनपानीले हात धुने गरौं ।
- उमालेको र फिल्टर गरको शुद्ध र सफा पानीमात्र पिउने गरौं ।
- बासी, सडेगलेका र झिंगा भन्किएका खानेकुरा नखाऔं ।
- खानेपानीका मुहान सफा र सुरक्षित राखौं ।
- घरका कोठा, आँगन, कौशी, बरण्डा, भान्सा, शौचालय एवं वरिपरि सफा राखौं ।

नेपाल सरकार, विज्ञापन बोर्ड

## अस्पतालकै जगतमा एक मात्र सुरक्षा अस्पताल

सुरक्षा अस्पताल प्रा.लि.सबैको सहयोगले स्त्री रोग तथा प्रसुती सेवा पाचौं वर्ष पुरा गरेर छैठौ वर्षमा प्रवेश गरेको र नवजात शिशुको उपचार दोस्रो वर्षमा प्रवेश गर्नुका साथै हाल ढाड तथा नशा रोग, **painless** प्रसुती सेवा, **Emergency** सेवा नया एंव अध्याधिक भरपर्दो **(ICU/MICU,NICU)** तथा जेनरल वार्डमा विभिन्न प्रविधिहरु सहितको सुविधा सम्पन्न सेवा संचालन भएको सबै सेवा ग्राहीहरुमा जानकारी गराउँदछौ ।

### हाम्रो सेवाहरु :-

- ★ स्त्री रोग तथा प्रसुती सम्बन्धी सम्पूर्ण सेवाहरु
- ★ रोग सम्वन्धी (PICU,NICU With Ventilator) सेवा
- ★ जनरल फिजिसियन सेवा
- ★ जनरल सर्जरी तथा हाडजोडर्नी नशा रोग सम्वन्धी सम्पूर्ण सेवा
- ★ Minor & Major surgery सेवा
- ★ Laparoscopic surgery (दुरवीन द्धारा अप्रेशन) सेवा
- ★ इन्टरभेसनल स्पाइन एण्ड क्रोनिक पेन म्यानेजमेन्ट
- ★ 24 Hours Emergency सेवा
- ★ विशेष डाक्टरहरु द्धारा ओ.पि.डी. सेवा
- ★ २४ घण्टा ल्याब सेवा, एम्बुलेन्स सेवा र फार्मेसी सेवा
- ★ इनफर्टिलिटी क्लिनिक सेवा
- ★ **X–Ray, ECG,ECHO,USG,HSG,Cystoscopy**

सुरक्षा अस्पताल प्रा.लि.
वीरेन्द्र सभागृह अगाडी
सम्पर्क न. ०२१- ५३६९४१


परिवर्तनको लागि क्राईम अपरेशन CRIME OPERATION साप्ताहिक

प्रवन्ध निर्देशक : हिरालाल साह ९८४२२०५८१६ सम्पादक/प्रकाशक : श्याम सुन्दर सुतिहार ९८४२०२७१४२,९८०७३५२२१३ कार्यालय विराटनगर-११ कम्प्युटर लेआउटःविजय कु.मण्डल मुद्रकःबाबा प्रिण्टर्स अफसेट प्रेस, विराटनगर-७ इमेलःcrimeopration@gmail.com

## सम्पादकीय

### किसानको लागि मलको व्यवस्था गर

खाद्य्य संकटको समाधान गर्ने एक मात्र उपाय हो कृषि उपज, कृषि उपजको लागि चाहिले मलहरु उपलब्ध नहुँदा किसानहरु तत्काल मारमा परेका छन् । तर पछि गएर त्यसको असर सवै क्षेत्रमा पर्ने छन् । ८५ प्रतिशत जनता कृषि पेशामा लागेका छन् । ती कृषकले उब्जाएका खाद्य्य बस्तु हामी आम नेपाली जनताले उपभोग गर्दछौ । कृषकको मलका समस्या सम्वन्धमा जनताको आवाज उठाउने थलो सांसद हो सांसद भनेकै जनताको प्रतिनिधी हो जसलाई जनताले आ-आफ्नो अमुल्य मत दिएर पठाएका हुन्छन् । ती किसानहरुको आवाज अहिले ती सांसदहरुले प्रतिनिधी सभामा उठाई रहेका छन् । अहिले धान रोप्ने वेला आई सकेको छ । तर किसानले मल पाई रहेको छैन । किसानलाई नेपाल सरकारले मल पनि दिदैन र भारतवाट सिधै आयात पनि गर्न दिदैन । जसले गर्दा किसान दोहरो मारमा परेका छन् ।

कृषि उत्पादनको लागि मल र जल नभई नहुने कुरा हो । खाद्य्यन मध्य मुख्य बालीको रुपमा धानलाई चिनिन्छ छर त्यही धान रोपाईको वेला किसानलाई नेपाल सरकारले मल उपलब्ध गराउन सकि रहेको छैन । किसानले भारतवाट मल ल्याउँदा नेपाल सरकारले भारतीय सिमा छेउमा राखिएको नेपाल प्रहरी, आर्मी लगायतले दु:ख दिने गरेका छन् । सरकारले आफैपनि मल दिन नसक्ने भारतवाट ल्याउँदा प्रहरी प्रशासनवाट रोक्न लगाउने कस्तो नियम ? किसानले भारतवाट मल ल्याउँदा मेची देखि महाकाली सम्मका प्रहरीले दिनहँ लाखौ रुपियाँ किसानहरुवाट गैरकानुनी रुपमा रकम उठाउने गरेका छन् । प्रहरी प्रशासनलाई गैरकानुनी रकम तिर्दापनि अनेकौ दु:ख किसानलाई प्रहरीले दिन्छ । त्यसलाई समेत सरकारले रोक्न सकेको छैन ।

किसानलाई सरकारले मल दिनु पर्छ अथवा किसानले मलका जोहो आफै गर्द भने कुनै किसिमका झन्झट सरकारले दिनु हुँदैन । प्रतिनिधी सभामा मलको विषय लिएर कुरा उठ्दा सम्बनित मन्त्रालयका मन्त्रीले दुईलाख टन मल मौजाद छ त्यति बरावरको फेरी ल्याउँदै छ भनेर जवाफ दिन्छ तर किसानको हातमा मल पर्दैन के मलमा पनि चलखेल हुनेवाला छ कि ? कृषिको लागि चाहिन मलमा कसैले पनि राजनीति नगरौ अन्यथा यसको परिणाम ठूलावडाले नै भोग्नु पर्छ । त्यसैले वेलामै संचेत भएर किसानलाई  मल उपलब्ध गराउन आवश्यक छ ।

## साप्ताहिक राशिफल

**मेष (चु,चे,चो,ला,लि,लु,ले,लो,अ) : दम्पतिमा घरायसी विषयलाई लिएर वादविवाद बढेर असमझदारी वढ्ने सम्भावन छ । मनोरञ्जन र भ्रमणको योग छ ।**

**वृष** (इ,उ,ए,ओ,वा,वि,वु,वे,वो) : **वाणीको प्रभावले महत्वपुर्ण काम बन्ने छ भने मनोरञ्जन एवम अध्ययन भ्रमणको समेत अवसर मिल्ने योग छ ।**

**मिथुन (क,कि,कु,घ,ङ,छ,के,को,ह)** : युवा वर्गका लीगि रमाइलो वातावरणको  अवसर मिल्ने छ । इष्टमित्रका सहयोगले महत्वपुर्ण काम बन्ने ।

**कर्कट (हि,हु,हे,हो,डा,डि,डु,डे,डो)** : युवावर्गका लीग मनोरञ्जन एवं प्रेम प्रसङ्गमा रमाउने योग रहनुका साथै कतै भ्रमणमा जाने योग छ ।

**सिंह (मा,मि,मु,मे,मो,टा,टि,टु,टे)** : उच्च मनोवल रहनाले महत्वपूर्ण काममा सफलता मिल्ने छ । भने वादविवादमा समेत जित तपाईकै हुने छ ।

**कन्या (टो,प,पी,पू,ष,ण,ठ,पे,पो)** : घरायसी र पारिवारीक विषयले चिन्ता बढाउने छन । बौद्धिक क्षेत्रका काममा सफलता मिल्ने योग रहेको छ ।

**तुला (रा, री, रु, रे, रो, ता, ती, तु, ते)** :भोग विलासका सामग्री हरुको किनमेलमा पैसा खर्च गराउला । काममा विघ्न वाधाहरु आउन सक्नेछन ।

**वृश्चिक (तो,ना,नि,नू,ने,नो,या,यि,यू) : बुद्धिको प्रभावले ठुला–ठुला समस्या** हरुमा समाधान निकाल्नलाई योग छ । मित्रहरको सहयोग राम्रो रहने छ ।

**धनु (यो,भा,भी,भू,ध,फा,ढ,भे)** : धार्मिककाममा महत्वपूर्ण सहभागिता जनाउनुपर्दछ । व्यापारीवर्गका लागि मनग्गे आमदानीको योग छ ।

**मकर (भो,जा,जी,जू,जे,ख,खि,खू,खे,गा,गी)** : धार्मिक उव समाजिक काममा मान स्म्मान मिल्ने योग छ । महीनाको उत्तराधएमा सामान्यवादविवादमा समेत तान्ने छ ।

**कुम्भ** (गु,गे,गो,सा,सी,सु,से,सो,द) **:सानो तिनो चोटपटकको सम्भावना रहेकाले सतर्कता अपनाउनु होला । भाग्यले राम्रै साथ दिनाले सफलता मिल्नेछ ।**

**मीन (दी,दु,थ,झ,ञ,दे,दो,च,ची)** : उच्च मनोवल रहनाले महत्वपूर्ण काममा सफलता मिल्ने छ । भने वादविवादमा समेत जित तपाईकै हुने छ ।

# जसपा कलहका त्रि–आयाम र स्वभिमानको प्रश्न

तुलानारायण साह

जनता समाजवादी पार्टी ( जसपा) भित्रको विवाद उत्कर्षमा पुगेको छ । अध्यक्ष उपेन्द्र यादवको विरुद्धमा बाबुराम भट्टराई र अशोक राई पक्षले मोर्चाबन्दी कसेको छ । कतिपयको अनुमानमा जसपा पुन: विभाजन नजिक पुगेको छ ।

केही महिनाअघि नै जसपाबाट विभाजित भएर लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) बनेको थियो । त्यसअघि विभिन्न समयमा उपेन्द्र यादव, अशोक राई, डा. बाबुराम भट्टराई नेतृत्वको विभिन्न पार्टी मिलेर समाजवादी पार्टी बनेको थियो । २०७७ सालमा समाजवादी पार्टी र राष्ट्रिय जनता पार्टीबीच एकीकरण भएर जनता समाजवादी पार्टी बनेको थियो ।

विभाजन नजिक पुगेको जसपाभित्रको कलहका तीन आयाम छन् । पहिलो, नेताहरूको भिन्न भिन्न काल्पनिकी ( इम्याजिनेसन) । दोस्रो, पार्टीभित्र शक्ति, अधिकार र सत्ताको लाभांशको बाँडफाँडमा विवाद । तेस्रो, नेताहरूको सोच र कार्यशैलीमा समस्या ।

काल्पनिकीका कुरा

यो देशमा मधेशी, आदिवासी, जनजाति र खस-आर्य तीन क्लस्टरको जनसंख्या लगभग बराबर छ, तर राज्य र राजनीतिमा खस-आर्य समुदायको मात्र वर्चस्व रहिआएको छ । बाँकी दुई क्लस्टरलाई अगाडि ल्याउनको लागि नयाँ खालको राजनीति गर्नुपर्छ । तिनै क्लस्टरलाई मिलाएर देशैभरि संगठन विस्तार गर्दै, सामूहिक नेतृत्वको बलमा कांग्रेस, एमालेको विकल्पमा नयाँ पार्टी निर्माण गर्नुपर्छ । यो डा. बाबुराम भट्टराईले भनिआएको कुरा हो ।

अशोक राई पनि यसमा सहमत नै हुनुहुन्छ, तर उहाँले भट्टराई भन्दा पहिला नै उपेन्द्र यादवसँग पार्टी एकीकरण गर्नुभएको थियो । त्यसैले उहाँले थोरै भिन्न कल्पना गर्नुभएको थियो जस्तो लाग्छ ।

मधेशीहरू आन्दोलन गरे, पार्टी बनाए, निर्वाचनमा राम्रो परिणाम ल्याएर सत्ता राजनीतिको केन्द्रमा पुगे, तर जनजातिहरू पछाडि नै परिरहे । तसर्थ, मधेशी र जनजाति मिलेर खस-आर्यको वर्चस्वको विरुद्धमा एउटा सशक्त पार्टी निर्माण गर्नुपर्छ । अशोक राईको सोच सायद यस्तै थियो ।

उपेन्द्र यादव मधेश आन्दोलनबाट उदाएको नेता हुनुहुन्छ । लगातारको निर्वाचन जितेर र आन्दोलनको नेतृत्व दिएर उहाँ स्थापित हुनुभएको हो । मधेशको सबैभन्दा बलियो नेता भइसकेपछि उहाँमा राष्ट्रिय पार्टीकै नेता हुने चाहना पलाएकै थियो । तर, ६/७ वर्षको अनुभवपछि उहाँको सोचमा व्यापक बदलाव आएजस्तो लाग्छ ।

विभिन्न निर्वाचनमा देखिएका मताधार क्षेत्र, सरकारमा हुँदा र पार्टी सञ्चालन गर्दाको तितामिठा अनुभवले उहाँको सोचाइमा परिवर्तन आएको पाइन्छ । अहिले उहाँ आफ्नो पार्टीलाई मधेशमै सीमित राख्नेतर्फ सोच्न थाल्नुभएको भान हुन्छ ।

यसरी, तीनै जना शीर्ष नेताको काल्पनिकीमा रहेको यो भिन्नता जसपाभित्रको खिचलोको एउटा प्रमुख पाटो हो ।

शक्ति, अधिकार र सत्ताको लाभांश लिनेमा विवाद

जसपाको स्वरूप एउटा सिंगो पार्टीभन्दा पनि तीन दलको गठबन्धन जस्तो छ । तीनै जना शीर्ष नेताहरू एक ठाउँमा मिल्नुभन्दा अगाडि उहाँहरू आफैंले पार्टी बनाउँदै नेतृत्व गर्नुभएको थियो । नेतृत्वको हिसाबले उहाँहरू सबैको पार्टी मूलत: एउटै प्रकारका थिए । एक व्यक्तिले आफ्नो छत्रछायाँमा बनाएको पार्टी थिए । कुनै पनि एक नेताले आफ्नो व्यक्तित्व वा अन्य कुनै आधार देखाएर बनाएको पार्टीमा उहाँको मनोमानी चल्नु स्वाभाविक हो । अशोक राईको पार्टीमा केही अन्य स्थापित अनुहारहरू रहेकोले थोरै फरक मान्न सकिन्छ ।

हस्टन विश्वविद्यालयकी राजनीतिशास्त्री सुसन ई स्कारोका अनुसार त्यस्ता पार्टीमा आन्तरिक लोकतन्त्र कमजोर हुन्छ । उहाँहरू सबैको पार्टीको विगतको अवस्था त्यस्तै थियो । पछि उहाँहरू एउटै पार्टीमा आउनुभयो तर सबैले आफ्नो पुरानो शैली बिर्सन सक्नुभएन । एकपटक पार्टीको संस्थापक अध्यक्ष भइसकेका नेता अरूको नेतृत्वमा बस्न साह्रै कठिन हुँदोरहेछ । यो मानवीय स्वभावसँग सम्बन्धित कुरा पनि हो ।

कुनै पनि राजनैतिक पार्टीमा नेताको हैसियत भनेको मूलत: तीनवटा कुराले निर्धारण हुने हो । पहिलो, पार्टीको आर्थिक स्रोत र सम्पत्तिमाथि पहुँच । दोस्रो, पार्टीको तर्फबाट सरकारमा जाने मन्त्रीहरू, पार्टीभित्रको पदाधिकारीहरू र निर्वाचनमा उम्मेदवारहरूको चयनमा भूमिका । तेस्रो, पार्टीभित्र हुने अध्ययन, अनुसन्धान र सूचनामा नियन्त्रण, जसले रणनीति बनाउन सघाउँछ ।

जसपाभित्र स्रोत र सम्पत्ति धेरै छ जस्तो लाग्दैन । निर्वाचनको बेला आउने भित्री बाहिरी सहयोग जे-जति हुन्छ, त्यो उपेन्द्र यादवकै नियन्त्रणमा रहने हो । यसबारेमा कुनै सार्वजनिक र आधिकारिक सूचना नरहेकोले अनुमान मात्र गर्न सकिने कुरा हो । अध्ययन, अनुसन्धान गर्ने र त्यस अनुरूप पार्टीको रणनीति तय गर्ने संस्कारको विकास नै भइसकेको छैन ।

सबैभन्दा महत्वपूर्ण कुरा मन्त्री, पदाधिकारी र उम्मेदवार चयनको विषय हो । यसमा पनि उपेन्द्र यादवको एकछत्र नियन्त्रण चलिआएको छ । मधेश प्रदेशको सरकारमा मन्त्रीहरूको चयन गर्ने काममा डा.बाबुराम भट्टराई, अशोक राईको खासै चासो नरहन सक्छ तर हालैको देउवा सरकारमा पार्टीको तर्फबाट सहभागी हुने मन्त्रीहरूको नाममा पनि उपेन्द्र यादव एक्लैले निर्णय गरेकोमा बाँकी दुवै नेताको असन्तुष्टि सार्वजनिक भएको थियो ।

विवाद बढ्दै गएपछि स्थानीय तहको निर्वाचनमा उम्मेदवार छान्नलाई अशोक राई र उपेन्द्र यादवको संयुक्त हस्ताक्षरलाई आधिकारिक मान्ने निर्णय भएको थियो । साथै, पार्टीको महत्वपूर्ण निर्णय लिनुपरेमा तीनै जना शीर्ष नेता रहेको तीन सदस्यीय हेडक्वाटर गठन भएको थियो । तर, राई र भट्टराई पक्षको आरोप छ कि न त उम्मेदवार छनोटमा न अन्य कुनै महत्वपूर्ण निर्णय प्रक्रियामा सामूहिक नेतृत्वको अवधारणा लागु भयो ।

अध्यक्ष यादवले एकलौटी निर्णय गर्ने गरेको शीर्ष नेताद्वयको आरोप छ । तसर्थ, पार्टीभित्रको शक्ति र अधिकार बाँटफाँटमा देखिएको विवाद पनि अहिलेको किचलोको अर्को पाटो हो ।

यसबारे उपेन्द्र यादव पक्षको फरक दाबी रहेको छ । हालैको दिनमा यादव पक्षका अनेकौं नेता, कार्यकर्तासँग मैले कुराकानी गरेको छु । त्यसक्रममा थाहा भयो कि उहाँहरू एकठाउँमा बस्नुभन्दा छुट्टिनुमा आफ्नो भलाइ देख्न थाल्नुभएको छ । प्रतिनिधिसभामा पराजित मधेश प्रदेशका एक केन्द्रीय सदस्यले पंक्तिकारसँगको संवादमा भन्नुभयो, 'हामी मधेश आन्दोलनमा लाग्यौं, फोरम भनेको मधेशियाको पार्टी हो भनेर लागेको तर जसपासम्म आइपुग्दा त यो पार्टी मधेशिया पार्टी जस्तै लाग्दैन ।'

एउटा भनाइ छ, 'कुनै एक वा दुई जनासँग कुरा मिल्दैन भने ती व्यक्तिसँग कुरा गर्नुपर्छ । तर, यदि कसैसँग पनि कुरा मिल्दैन भने आफूसँग कुरा गर्नुपर्छ ।' लाग्छ, उपेन्द्र यादवले आफैंसँग कुरा गर्ने बेला भइसकेको छ ।

पार्टीको केन्द्रीय कार्यालयमा जाँदा होस् वा बैठकहरूमा भाग लिंदा सबै कोठामा पहाडे नेता, कार्यकर्ताहरू कुर्सी जमाएर बसेको देख्दा उहाँलाई सहज लागेनछ । बैठकहरूमा मधेशतिरका सहभागीहरू त्यति साह्रो तर्क गर्न नसकिराखेको देख्नुभएको रहेछ । मधेशीमाथि चर्को स्वरमा आफ्नो कुरा लादिरहेको अनुभूति भएछ ।

मधेश प्रदेशका एक मन्त्री भन्दै हुनुहुन्थ्यो, 'ओहो कस्तो बाठाहरू ! गोरखा, दोलखा घर भएकाहरू आउँछन्, पार्टीको कार्यकर्ता हुँ भन्छन्, फलानो कमिटीको सदस्य हुँ भन्छन् । यसो हेरिदिनु है भनेर कतिपय नेताले फोन गरिरहेका हुन्छन् ।' उहाँका अनुसार जसको भोट लिएर

वांकी ५ पेजमा...

## केही महत्व पूर्ण टेलिफोन नम्बरहरु

| दमकल | अस्पताल | प्रहरी |
|---|---|---|
| बिराटनगर बारुणयन्त्र ४२०००० | कोशी अ.अ.इमरजेन्सी ५२४२३४ | पूर्वाञ्चल क्षे.प्र.कार्यालय ०२१-४३५००१ |
| इटहरी बारुणयन्त्र ५८०१०१ | रंगेली अस्पताल ५८००४८ | जिल्ला प्रहरी कार्यालय ५३०३५८, ५२३९०१,१०० |
| धरान बारुणयन्त्र ५२०१९९ | आँखा अस्पताल ५२३७०६ | नगर प्र.का.. बिराटनगर ५२१८५०, ५३०३६७, ११०, |
| इनरुवा बारुणयन्त्र ५६०१०१ | सुरक्षा अस्पताल प्रा.लि. ०२१-५३६९४१, ५२२८७७ | इ.प्र.का. रंगेली ८०१००८०१३० |
| दमक बारुणयन्त्र ०२३-५८०१०१ | एम्बुलेन्स ९८०२७५३७१७, ९८०२७५३७०६ | इ.प्र.का. उर्लाबारी ०२१-५४०००२ |
| भद्रपुर बारुणयन्त्र ०२३-५२०१०१ | | सिमा प्रहरी चौकी ०२१-४३५८४० |

### एम्बुलेन्स सेवा

जिविस मोरङ ५३६३५३
नेरेसो रंगेली ५८००४८
बिराटनगर उपमनपा ५२२२३६

# विहेको सपना देखाएर जबरजस्ती करणी र लुटपाट



विराटनगर । समाजिक संजाल मार्फत प्रेम प्रस्ताव गरी विहेको सपना देखाएर होटलमा लगी एक महिलालाई जवरजस्ती करणी गरी नगद रुपियाँ, गरगहना र मोबाईल लुटपाट गरी अपराधी फरार भएको छ ।

घटनाको विवरण अनुसार ललितपुरकी २४ वर्षीया सुनिता (नाम परिवर्तन) ले सामाजिक सञ्जाल इमोमा दुई सातादेखि काभ्रे बनेपाका जयसँग निरन्तर रुपमा कुरा गरी रहेकी थिईन् । जयको मिठा कुरा सुनेर सुनिता प्रभावित जयको प्रस्ताव स्वीकार गरेकी थइन् ।

घरपरिवारको पत्ता लगाउनु त कता हो कता जयले विहे गर्ने प्रस्ताव गर्दै घर परिवारसंघ कुराकानी गर्दा साथ नपाउँने भन्दै भगाएर बिहे गर्ने सुनितालाई गरेका थिए । सुनिताले पनि जयका सबै कुरा पत्याइन् र २९ जेठमा भागेर जान भन्दै घर छाडेर हिँडिन् ।

प्रहरी वृत्त, कालिमाटीका डीएसपी अनिल घिमिरेका अनुसार त्यसपछि सुनितालाई जयले काठमाडौं भोटेबहालको एक गेस्ट हाउसमा लगेर राखे । ‘केटाको असली रुप पीडितले होटलमा पुगेपछि मात्र थाहा पाइन् । ‘त्यहाँ पेय पदार्थमा मिसाएर उनले लठ्याउने औषधि खुवाइदिएछन्,’ डीएसपी घिमिरेले अनलाइनखबरसँग भने, ‘त्यसपछि जबरजस्ती करणी गरेर साथमा रहेको एक लाख रुपैयाँ, दुई तोला सुन र एउटा मोबाइल पनि लुटेर गएछन् ।’

प्रहरीका अनुसार भागेर विवाह गर्ने भनेपछि उनले घरमा भएको अलिअलि पैसा र सुन लिएर निस्किएकी थिइन् । तर मोबाइल समेत लगेपछि उनीसँग जयलाई चिन्ने कुनै आधार भएन । आफूमाथि आइपरेको आपतबारे उनले सोच्नै सकिरहेकी थिइनन् । दुई दिनसम्म त उनी फर्किएर आउलान् कि भनेर बाटो हेरिरहिन् । त्यसपछि ३१ जेठमा प्रहरी वृत्त, कालिमाटीमा जाहेरी दिइन् ।

जिल्ला प्रहरी परिसर, काठमाडौंका एसपी दिनेशराज मैनालीका अनुसार पीडितले जाहेरी दिँदा पीडकको कुनै संकेत प्रहरीले पाएको थिएन । ‘होटलमा बस्दा समेत पीडित महिलाकै परिचय पत्र, मोबाइल नम्बरमार्फत डाटा इन्ट्री गराएको पाइएको छ,’ मैनालीले भने ।

तर प्रहरीले क्लोज सर्किट (सीसी) क्यामरा फुटेज र अन्य प्राविधिक पक्षको विश्लेषणबाट अनुसन्धान गर्दै जाँदा ‘जय’ भनिएका पीडकको खास नाम विश्व तामाङ भएको खुल्यो । उनले ‘जय’, ‘भोटे’, ‘आशिष’ गरी तीन वटा नामबाट आफूलाई चिनाउने गरेको पनि अनुसन्धानका क्रममा खुलेको एसपी मैनाली बताउँछन् ।

पक्राउ परेका तामाङमाथि जबरजस्ती करणी र चोरी सम्बन्धी कसूरमा अनुसन्धान का लागि जिल्ला अदालत, काठमाडौंबाट ७ दिन म्याद थप भएको मैनाली बताउँछन् ।

पीडितको चाहिँ घटनाबारे जानकारी पाएलगत्तै प्रसूति गृह थापाथलीमा स्वास्थ्य परीक्षण गराइएको छ ।

क्राईम अपरेशन साप्ताहिक पत्रिकाको इ-पेपर
www.crimeoperation.net
मा लगइन गरी हेर्न सम्पूर्ण महानुभावहरूमा हार्दिक अनुरोध गर्दछु । सम्पादक

कर तिरौं, राजश्व बढाऔं
कर तिर्नु कानूनी अधिकार मात्र नभएर सम्मान पाउने अवसर पनि हो । त्यसैले कर तिरी देशको राजश्व बढाऔं ।
स्थायी लेखा नम्बर लिनुहोस् ढुक्क भएर व्यवसाय सञ्चालन गर्नुहोस् ।
लेखा राखौं हिसावमा भर, हचुवामै नतिरौं कर
कर्तव्य ठानेर कर तिरौं नव नेपाल निर्माणमा सहभागी बनौं ।
सामान किनौं मतिलो ध्यानेर बिल मागौं अधिकार ठानेर ।
अन्तरिक राजश्व कार्यालय विराटनगर

# प्रदेश १ को पर्यटन क्षेत्रमा पूर्वाधार व्यवस्था गर्न सरकारको ध्यानाकर्षण

विराटनगर । प्रदेश १ पर्यटनका हिसाबले प्रचुर सम्भावनायुक्त क्षेत्र भएता पनि पर्यटन क्षेत्रबाट पर्याप्त लाभ लिन किन सकिएको छैन भन्दै पर्यटन प्रवर्द्धनका लागि तीन तहका सरकार, पर्यटन क्षेत्रमा आवद्ध व्यवसायी अनि सञ्चारकर्मीले के गर्न सक्छन् भन्नेबारे वृहत् छलफल गरिएको छ ।

विश्वकै सर्वोच्च शिखर सगरमाथादेखि अरु हिमशृङ्खला, लेकाली क्षेत्र, पहाडी भेग अनि तराईका फाँटहरु भएको यो प्रदेशको मुख्य आम्दानीको स्रोतमध्ये पर्यटन अग्रणी हुनसक्ने भन्दै प्रदेश १ सरकारको पर्यटन तथा संस्कृति मन्त्रालयले आयोजना गरेको दुई दिवसीय अन्तर्क्रिया कार्यक्रममा पर्यटन प्रवर्द्धनका लागि कुन क्षेत्रले के पहल गर्न सक्छ भन्नेबारे छलफल गरिएको थियो ।

सहभागीहरुले प्रदेशभरि सयौं पर्यटकीय स्थल भए पनि तिनमा पूर्वाधारको अभाव हुँदा पर्यटकहरुलाई सहज पहुँच हुन नसकेको गुनासो गरेको थिए । भारतीय पर्यटकहरु नेपाल आउनका लागि उनीहरुले प्रयोग गर्ने सवारी साधनको अनुमति लिने प्रक्रिया झन्झटिलो भएको साथै आवश्यक नगद ल्याउन समेत नपाउने भएकाले समस्या पर्ने गरेको औंल्याएका थिए । यस्तो समस्याको अन्त्य गर्न उनीहरुले प्रदेश सरकार तथा मातहत निकायको ध्यानाकर्षण गराएका थिए ।

आकर्षक पर्यटकीय क्षेत्रहरु भए पनि खासगरी व्यवस्थित सडक नहुँदा पर्यटक घुमाउन लैजानै समस्या पर्ने गरेको उनीहरुको भनाइ थियो । यसैगरी सञ्चार सुविधा, बिजुली, व्यवस्थित बसोबास जस्ता कुरा नहुँदा पनि कतिपय पर्यटकीय स्थल जान सहज नहुने सहभागीले बताएका थिए ।

पूर्वमा कृषि पर्यटन, साहसिक खेल, जल पर्यटन जस्ता विशेष महत्वका क्षेत्रहरु भए पनि ती



क्षेत्रको विकासका लागि आवश्यक पूर्वाधार तथा दक्ष जनशक्तिको अभाव भएको कार्यक्रममा सहभागी पर्यटनकर्मीले बताए ।

मन्त्रालयका अधिकृत हेमराज अर्यालले सञ्चालन गरेको कार्यक्रममा प्रदेश सरकारले पर्यटन क्षेत्रमा गर्न लागेका र गरिरहेका कामहरुका साथै पूर्वका मुख्य पर्यटकीय गन्तव्यसम्बन्धी जानकारी प्रस्तुत गरिएको थियो । मन्त्रालयका अधिकृत रामसुन्दर थापाले पर्यटन व्यवसायीहरु तथा पर्यटन क्षेत्रसँग सम्बन्धित सबै सरोकारवालासँग सहकार्य गरेर मन्त्रालय अघि बढ्न प्रयासरत रहेको बताएका थिए ।

मन्त्रालयका सचिव ईश्वर कुमार गिरीले पर्यटनसम्बन्धी साना खाले योजना स्थानीय तहहरुले सञ्चालन गर्नुपर्नेमा जोड दिँदै ठूलो योजनाका लागि प्रदेश सरकार र संघीय सरकारले काम गर्नुपर्ने अवस्था रहेको उल्लेख गरे । यस्तो कामका लागि पर्यटनकर्मी र अरु सरोकारवालाको सहयोग महत्वपूर्ण हुने उनको भनाइ थियो ।

होटल व्यवसायी महासंघका केन्द्रिय उपाध्यक्ष मणिन्द्र कटुवाल, होटल व्यवसायी राजन श्रेष्ठ, आन्तरिक पर्यटन उत्थान समिति संयोजक भविष श्रेष्ठ, पत्रकार महासंघ प्रदेश १ का अध्यक्ष लीलाबल्लभ घिमिरे, होटल व्यवसायी महासंघ प्रदेश १ का अध्यक्ष राजन दंगालले पर्यटन विकासका लागि सहकार्य गर्न तयार रहेको बताएका थिए ।

यसैगरी, ट्राभल्स एण्ड टुर्स एशोसिएसन प्रदेश १ का अध्यक्ष उदयकुमार श्रेष्ठ, नेपाल होमस्टे महासंघका केन्द्रिय उपाध्यक्ष एकराज घिमिरे लगायतले पर्यटन प्रवर्द्धनका लागि कुनै एक पक्षले मात्र अघि सरेर नहुने भन्दै यसमा सबै सरोकारवाला लाग्नुपर्ने अनि सरकारले सहयोग गर्नुपर्नेमा जोड दिएका थिए ।

प्रदेश १ मा भारतीय पर्यटकहरुलाई बढीभन्दा बढी भित्र्याउन सके फाइदा हुने सहभागीले बताए । यसैगरी प्रदेशसँग जोडिएको मधेस प्रदेशलाई पनि यस क्षेत्रको पर्यटन विकासका लागि सहभागी गराउन सकिनेमा सहभागीले जोड दिए ।

पर्यटन विकासका लागि भनेर छलफल र गोष्ठीहरु मात्र गर्ने नभइ त्यस्तो कार्यक्रममा आएका सुझावलाई कार्यान्वयन गर्दै समस्या निराकरण गर्न सरकारले ध्यान दिनुपर्ने सहभागीले बताएका थिए ।

यस्तो छलफल वजेट निर्माण गर्नुअघि गरेर वजेटमा समेट्ने गरी योजनाहरु तय गर्नुपर्ने सुझाव पनि सहभागीले सरकारलाई दिएका थिए । समापनका दिन मन्त्री लिम्बूले कार्यक्रम उपलब्धिमूलक रहेको भन्दै सहभागीहरुले दिएका विभिन्न सुझावका आधारमा आगामी रणनीति बनाइने प्रतिवद्धता जनाइन् ।

आगामी दिनमा पर्यटन क्षेत्रका विज्ञहरुलाई सम्मिलित गराएर छलफल आयोजना गर्ने र त्यसबाट आएका सुझावहरुका आधारमा पर्यटन विकासको रणनीति बनाउने मन्त्रालयले जनाएको छ ।

बुधबार सुरु भएर बिहीबार समापन भएको कार्यक्रममा प्रदेश पर्यटन तथा संस्कृति मन्त्री खिना लुङवा लिम्बू, मन्त्रालयका सचिव ईश्वरकुमार गिरी, होटल व्यवसायी संघका पदाधिकारीहरु, सञ्चारकर्मीहरु, ट्राभल एसोसिएसन, होम स्टे व्यवसायीलगायत सहभागी थिए । कार्यक्रमको दोस्रो दिन मधेस प्रदेशका पर्यटनकर्मी तथा भारतको बिहारका पर्यटनकर्मी र सञ्चारकर्मीहरुको पनि सहभागिता थियो ।

प्रदेशका १४ वटै जिल्लाबाट पर्यटनसम्बद्ध संस्थाका साथै सञ्चारकर्मीहरुको उल्लेख्य सहभागिता रहेको कार्यक्रममा हरेक जिल्लाका पर्यटकीय स्थल, सम्भावना, समस्या तथा गर्न सकिने कामहरुका बारे समूह बनाएर छलफल गरिएको थियो ।



## सामुदायिक विकास समाजको २५ औं वार्षिक कार्यक्रमको प्रेस नोट

सामुदायिक विकास समाज ९ऋम्क० विराटनगर स्थापनाको २४ वर्ष पूरा भई २५ वर्षमा प्रवेश गरेको छ । यस अवसरमा संस्थाको संस्थागत विकास र संस्थाले सहजीकरण गरेका कार्यक्रमहरु सफल पार्न सहयोग गर्नुहुने सम्पूर्ण शुभेच्छुक तथा सहयोगीहरुप्रति हार्दिक आभार व्यक्त गर्दछौं ।

यसै वर्ष सम्पन्न संस्थाको २४ औं वार्षिक साधारण सभा तथा छैठौं अधिवेशनले निर्दिष्ट गरेका जिम्मेवारीलाई आत्मसाथ गर्दै संस्थाको बैठकले वार्षिक कार्यक्रम तय गरेको छ ।

जस अन्तर्गत, संस्थाको २५ वर्षे यात्राका मुख्य क्रियाकलाप र उपलब्धीलाई समेटेर स्मारिक प्रकाशन गर्ने निर्णय गरिएको छ । प्रकाशन समन्वय समितिका संयोजकमा संस्थाका सचिव विपुलेन्द्र झा र सदस्यहरुमा नवदुर्गा खड्का, उषा कार्की, सेविका चौधरी र हिरा पाण्डे रहनुभएको छ ।

संस्थाले सामाजिक विकासका क्रियाकलापलाई निरन्तरता दिनका लागि अक्षयकोष स्थापना गर्ने निर्णय गरेको छ, जसका लागि अध्यक्ष गंगाप्रसाद यादवको संयोजकत्वमा विपुलेन्द्र झा, लक्ष्मी निरौला, जुगलकिशोर राठी र सरस्वती कार्की सदस्य रहनुभएको समिति गठन गठन गरिएको छ ।

संस्थाको जग्गा रहेको स्थान ग्रामथान गाउँपालिका, वडा नं. १ खापटोलमा कार्यालय भवन निर्माणका लागि संस्थाका सल्लाहकार जुगलकिशोर राठीको संयोजकत्वमा लक्ष्मी निरौला, भावना प्रसाईं, विमला वस्ती र सुमित्रा चौधरी सदस्य रहनुभएको समिति गठन गरिएको छ ।

संस्थाको विधान २०५५ ( संशोधन २०६८) को परिच्छेद २, दफा ५ (४) बमोजिम सामाजिक रुपमा जोखिममा रहेका, पीडित, सुरक्षित आश्रय आवश्यक पर्ने ज्येष्ठ नागरिक, महिला, बालबालिका तथा अपांगता भएका व्यक्तिहरुको कल्याणका लागि संस्थाको जग्गा भएको स्थान ग्रामथान गाउँपालिका, वडा नं. १, खापटोलमा मानव कल्याण आश्रम निर्माण गर्नका लागि उपाध्यक्ष पार्वती प्रधानको संयोजकत्वमा समिति गठन गरिएको छ, जसका सदस्यहरुमा डा. अनुप कुमार यादव, शत्रुघनचन्द्र पौडेल, भवनाथ कोइराला र कोपिला शंकर रहनुभएको छ ।

संस्थाको छैठौं अधिवेशन तथा २४ औं वार्षिक साधारण सभाको निर्णय बमोजिम स्थानीय सरकार सवलीकरण कार्यक्रम सञ्चालन गर्ने निर्णय कार्यसमितिको बैठकले गरेको छ । जस अन्तर्गत विभिन्न स्थानीय सरकारसँग विषयगत योजना निर्माण, आवश्यक स्थानीय कानुन तथा ऐनहरुको निर्माण, क्षमता विकास योजना तयारी, आयआर्जन, सरसफाइ तथा स्वच्छता प्रवर्द्धन लगायतका क्रियाकलाप सञ्चालन गरी नागरिकका संवैधानिक हक सुनिश्चितताका लागि सहयोग गरिन्छ । स्थानीय सरकार सवलीकरण कार्यक्रमका लागि संस्थाका सामाजिक विकास सल्लाहकार शत्रुघनचन्द्र पौडेलको संयोजकत्वमा विनोदप्रसाद शर्मा, विपुलेन्द्र झा, भवनाथ कोइराला, नवदुर्गा खड्का, गीतादेवी गुरागाईं र उषा कार्की सदस्य रहनुभएको समिति गठन गरिएको छ ।

संस्था स्थापनाको रजत वर्षको अवसरमा "रजत वर्ष समारोह तथा सम्मान" आयोजना गर्नका लागि संस्थाका अध्यक्ष गंगाप्रसाद यादव संयोजक र सचिव विपुलेन्द्र झा सदस्यसचिव रहनुभएको मूल समारोह समिति गठन गरिएको छ । समितिका सदस्यहरुमा पार्वती प्रधान, लक्ष्मी निरौला, भवनाथ कोइराला, पूजन दाहाल, विमला वस्ती, भगवती गुरागाईं, कमला लिम्बू, दुर्गादेवी श्रेष्ठ, भीममाया आचार्य, जंगशेर लिम्बू, रोजी लुइँटेल, शत्रुघनचन्द्र पौडेल र विनोद शर्मा रहनुभएको छ ।

रजत वर्ष मूल समारोहमा विकास पत्रकारितामा क्रियाशील दुई सञ्चारकर्मी र दुई सञ्चार गृहलाई सम्मान गर्ने निर्णय गरिएको छ । सोही अवसरमा दिगो कृषि विकासका लागि संस्थागत योगदान दिने चार जना, संस्थाको संस्थागत विकासका लागि प्राविधिक सहयोग गर्ने १ जना, सामाजिक सेवामा समर्पित ३ जना र संस्थाका विज्ञ सहयोगी २ जनालाई समेत सम्मान गर्ने जनाइएको छ । सम्मानित हुने सञ्चारकर्मी र सञ्चारगृह छनौटका लागि नेपाल पत्रकार महासंघ मोरङ शाखासँग सहकार्य गरिने छ ।

संस्थाले वार्षिकोत्सवको अवसरमा आषाढ १० गते शुक्रबार रक्तदान कार्यक्रम आयोजना गरिसकेको छ । यसैगरी, विभिन्न स्थानीय तह, संघसंस्था, निकायसँगको समन्वयमा आदिवासी जनजाति, दलित, विपन्न, महिला लक्षित मासिक स्वास्थ्य क्लिनिक र सिलाइ कटाइ तालिम सञ्चालन गर्ने निर्णय समेत संस्थाले गरेको छ । सोही अवसरमा वातावरण संरक्षण तथा प्रवर्द्धनका लागि विभिन्न रणनीतिक स्थानमा वृक्षारोपण गर्ने निर्णय समेत संस्थाको बैठकले गरेको छ ।




# अगामी आर्थिक वर्षका बजेटमा विभिन्न ११ बटा योजना समाबेश गर्न माग

विराटनगर । विराटनगर महानगरपालिकाले आर्थिक वर्ष २०७९/०८० को लागि निर्माण गरीने नीति तथा कार्यक्रममा भौतिक पूर्वाधार, स्वास्थ्य लगायत ११ बटा योजनाहरु समावेश गर्न महानगरका प्रमुख तथा उप प्रमुखलाई ज्ञापनपत्र बुझाएका छन् ।

नेकपा (एमाले) महानगर कमिटी विराटनगरका सह सचिव एवं मजदुर नगर प्रमखु जय प्रकाश सहितको टोलीले महानगरका प्रमुख नागेश कोईराला र उप प्रमुख शिल्पा निराला कार्कीलाई योजनाका माग सहित ज्ञापन पत्र बुझाएको थियो ।

उक्त ज्ञापनपत्रमा १) भौतिकपुर्वाधारहरुमा वडा नं ४, १२, १४, १६, १७ मा असमसान घाट (आर्यघाट) निर्माणको लागि बजेट बिनियोन गर्न, कच्ची बाटोहरुलाई पहिला ग्राभेलगर्दै कल्भंट निर्माण गर्न, अधुरा कार्यहरुलाई प्राथमिकताका साथ चाडो सम्पन्न गर्न,, रिंगरोडलाई उच्च प्राथमिकतामा राख्न, कलेजबाटो वडा नं. १२ (महेन्द्र मोरंग क्याम्पसको दक्षिण जाने बिराटनगरको सबै भन्दा पुरानो बाटो) तत्कालनिर्माण गर्न बजेट बिनियोजन गर्नु पर्ने, सबै जातजातिहरुको भाषा, संस्कृति, भेषभुषा, रहन-सहन आदी सहितको बिराट संग्राहलय बनाउन र अनुसन्धान केन्द्रको रुपमा विकास गर्न बजेट माग गरिएको छ ।

त्यसैगरी २) लैङिगक हिंसा तर्फ सामाजिक भेदभाव, घरेलुहिंसा, लैङिग हिंसा आदिलाई हटाउन वडागत रुपमा धर्मशास्त्रको आधारमा जनचेतना मूलक कार्यक्रम गर्न, ३) शिक्षा तर्फ प्रत्येक वडामा एउटा स्कुल अंग्रेजी माध्यममा संचालन गर्न, सरकारी समुदायिक स्कुलमा १२ कक्षा पढने छात्रा विद्यार्थीहरुलाई उच्च शिक्षा हासिल गर्न प्रोत्साहन स्वरुप निःशुल्क पढाउनु पर्न, बाल माध्यमिक विद्यालय जतुवा वडा न. १४, जनविकास माध्यमिक विद्यालय वडा नं १५ र मिल्स माध्यमिक विद्यालय .वडा १६ मा भौतिक पुर्वाधार अहिले कायम रहेको र बिस्तारै केहीथप गर्दै जाँदा पनि नमुना प्राबिधिक कक्षा संचालन गर्न, बिराटनगर भित्र सरकारी स्कुलका शिक्षकहरुलाई केहि थपदिएर पनि कक्षा संचालन गर्न, रघुपति आधारभुत स्कुल वडा न १७ मा धेरै बिद्यार्थीहरु भएकोले कक्षाकोठा थप गर्न बजेट विनियोजन गर्न, प्रत्येक स्कुलमा राष्ट्रिय खेलकुद प्रतियोगिता संचालन गर्न वडा अध्यक्ष राष्ट्रिय खेल बाट खो खो खेलको शुरुवात गर्न, वडा नं १८ मा एउटा पनि माध्यमिक विद्यालय नभएकोले प्राथमिकताको आधारमा एउटा स्कुललाई स्तर उन्नति गर्न, स्थानियभाषा, संस्कृति, रहनसहन र सामाजिक क्षेत्रका महत्वपुर्ण बिषय बस्तुहरु बर्तमान समाजलाई पनि जानकारी हुनु पर्ने भएकाले तिबिषय बस्तुहरु समाबेश गरी पाठ्य पुस्तक तयार गरी कक्षा १ देखी ८ सम्म सबै स्मुलमा लागु समेतको योजना तर्जुमा गर्न माग गरको छ ।

ज्ञापनपत्रमा ४ स्वास्थ्य तर्फ मजदुर नगरको सबै वडा १३, १४, १५, १६, १७ मा प्रदेश सरकारले दिएको १ वेडको बथिंग सेन्टर संचालन गर्न, कम्तिमा वर्षमा एक पटक वार्ड स्तरिय विशेषज्ञ डाक्टरहरु द्वारा स्वास्थ्य शिविर संचालन गर्न, रानी स्वास्थ्य चौकीलाई १५ वेडको रानीमजदुर अस्पतालको रुपमा तत्काल स्तर उन्नति गरेर संचालन गर्न बजेट छुट्याउन माग गरको छ ।

त्यसैगरी ५ नं. पर्यटन क्षेत्र तर्फ बिराट दरवार, मण्ठा पोखरी, रानीमाई पोखरीलाई, श्री काली दुर्गामन्दिर बिराटनगर १२ व्यवस्थीत गर्दै संरक्षण गर्न, मठ मन्दिर र एलानी जग्गालाई संरक्षण गरी पर्यटक स्थलको रुपमा कार्य योजना बनाई बिकास निर्माणको कार्य गर्न, ६ नं. तालिम तर्फ बिभिन्न किसिम को सिपमुलक कार्यक्रमको संचालन संघसंस्था बाट गर्न, लोकसेवा तयारी कक्षा हरेक वडामा संचालन गर्नु पर्न, ७) जेष्ठ नागरिक तर्फ हरेक वडामा जेष्ठ नागरिक चौतारी निर्माण गर्न, ८) आर्थिक विकास तर्फ बिभिन्न उधोग र वार्ड भित्रका सरकारी तथा निजी निकायहरु एक घर एक रोजगार को निति ल्याउन, बिभिन्न वडा भित्र रहेका उधोग र सरकारी तथा निजी निकायहरुमा कर्मचारीहरु नियुक्तगर्दा वडावासीलाई प्राथमिकता दिनको लागिविशेष पहल गर्ने, साना उधोगहरु स्थापना गरी रोजगारको सिर्जना गर्नु पर्ने माग अघि सारको छ ।

त्यसैगरी ९) कृषि तर्फ कृषि योग्य जमिनमा नियमित सिचाईका लागी बोरिङगको व्यवस्था गराउनु पर्ने, कृषि तथा पशु बिमा प्रभावकारी रुपमा संचालन गर्नको लागि कृषि बिमा योजना कार्यक्रम संचालन गर्नु पर्ने, बिउ विजन र मलखाद सर्ब सुलभ दिनको लागि नयाँ तरिका अपनाउनु पर्ने, १०) खेलकुद तर्फ अन्तर वडा अध्यक्ष खेलकुद प्रतियोगिता संचालन गर्नु पर्ने, ११) यातायात : सुखा बन्दरगाह बाट निस्कने मालबाहक गाडीहरु बाइपास बाटोबाट निकाल्न वाईपास रोड संचालन गर्नु पर्ने माग सहितका ज्ञापनपत्र बुझाएको छ ।

उक्त ज्ञापनपत्र बुझ्दै महानगर प्रमुख तथा उपप्रमुखले भने माग गरिएको योजनाहरु एकदमै सान्दभिक भएकोले यसको लाग पहल गर्ने वताएका छन् ।




### सुनसरी मोरंग सिचाई आयोजनाको नहर प्रणाली क्षेत्र भित्र अनाधिकृत रूपमा बनाइएका घर टहरा तथा घेरवारहरू हटाउने वारेको

### अत्यन्त जरुरी सूचना

यस सुनसरी मोरंग सिचाई योजना अन्तर्गत मूल नहर शाखा, उपशाखा, प्रशाखा, टर्सरी र भि.सी. नहरको डिल अतिक्रमण गरी अनाधिकृत रुपमा घर, टहरा बनाई बसोवास गरेको, बालीनाली, बोटविरुवा, दलहन तथा परालको माच, टाल आदि लगाएको र नहरको डिल भत्काई पानी संचालन र नहर मर्मत सम्भार एवं सर्भिस रोड समेत अतिक्रमण भई नहर संचालन गर्न कठिनाई भएका साथै नहरको जग्गा संरक्षण र व्यवस्थापनमा समेत कठिनाई परेकोले बनाईएका घर टहरा गोठ एवं अन्य सामग्री र गार्य बस्तु बाध्न पूर्ण रुपमा रोक लगाईएको व्यहोरा सरोकारवाला सबैमा जानकारी गराईन्छ । यो सूचनालार्य अटेर गरि नहरको डिलहरुमा कुनै किसिमको घर, टहरा, बाली-नाली, बोटविरुवा, दलहन तथा परालको माच, टाल नहरको डिलमा रहेको पाइएमा सो कार्यालयले हटाउन परेको खण्डमा सोको हर्जाना समेत सम्बन्धित व्यक्तिहरुबाटै अशुल उपर गरिने र हटाउँदा पर्ने क्षतिको जवाफ देही समेत सरोकारवाला आफैले व्यहोर्नु पर्ने व्यहोरा जानकारी गराईन्छ ।

**सुनसरी मोरंग सिंचाई आयोजना विराटनगर**

## हजुर आमालाई कर्तव्य गरी हत्या गर्ने नाती प्रहरीका फन्दामा



विराटनगर । खोटाङको बाराहपोखरी गाउँपालिका-५ स्थित दुधकोशी नदीको बगरको खल्डोमा संकास्पद अवस्थामा फेला परेको महिलाको शवको पहिचान भए सगै कर्तब्य गरी हत्या गर्ने नातीलाई प्रहरीले पक्राउ गरेको छ ।

पक्राउ पर्नेमा झापाको गौरादह नगरपालिका-३ का २९ बर्षीय हरी भन्ने निर बहादुर खडका रहेका छन ।

बैशाख ३१ गते दुधकोशी नदी किनारमा सडी गली सकेको संकास्पद अवस्थामा फेला परेको बेवारिसे महिलाको शवको पहिचान तथा अनुसन्धानको क्रममा खोटाङको जन्तेढुंगा गाउँपालिका-५ चिसापानी खुट्टा घर भई हाल इटहरी उप-महानगरपालिका-१६ बालग्राम सुनसरीमा डेरा गरी बस्ने ७७ बर्षीया तुलसा खडका रहेको भन्ने खुल्न आए संगै हत्यामा संलग्न रहेका नाती निर बहादुर खडकालाई प्रहरीले पक्राउ गर्न सफल भएको थियो ।

हजुरआमाको कर्तब्य गरी मारी भागी फरार रहेका खडकालाई १ नम्वर प्रदेश प्रहरी कार्यालय बिराटनगर र जिल्ला प्रहरी कार्यालय खोटाङबाट खटिएको प्रहरी टोलीले खोजतलासको क्रममा झापाको मेचीनगर नगरपालिका-६ काँकरभिट्टा स्थित नेपाल भारत सिमा क्षेत्रमा लुकीछिपि बसिरहेको अवस्थामा असार ८ गते बिहान पक्राउ गरेको थियो ।

पक्राउ परेका खडकाले हजुरआमा तुलसा खडकालाई स्थानिय तहको निर्वाचनमा भोट हाल्न भनि बैशाख २६ गते इटहरी बालग्रामबाट चिसापानी खोटाङ लिई गएकोमा बराहपोखरी-५ स्थित दुधकोशी नदीको बगरमा कर्तब्य गरी मारी खाल्डोमा पुरी भागी फरार भएको प्रारम्भिक अनुसन्धानबाट खुल्न आएको छ ।

पक्राउ परेका खडकाको कर्तब्य ज्यान सम्वन्धि कसुरमा सम्मानित जिल्ला अदालत खोटाङबाट म्याद थप गरी थप अनुसन्धान भईरहेको जिल्ला प्रहरी कार्यालय खोटाङले जनाएको छ ।


### लागुऔंषध रहित परिवार : स्वस्थ जीवनको आधार

लागुऔषधले मानिसको शारीरिक तथा मानसिक स्वास्थ्य विग्रन्छ । लागुऔषधको उत्पादन, संचय, ओसार-पसार, विक्री वितरण तथा सेवन कानूनत दण्डनीय छ । गैरकानूनी गतिविधिमा आफू पनि नलागौं, अरुलाई पनि लाग्न नदिऔं । स्वस्थ र सुखी परिवारको लागि लागुऔषध दुर्व्यसनलाई निरुत्साहन गरौं ।

**विराटनगर महानगर पालिका, प्रदेश १**



**सूचना सूचना सूचना**

*सड्क क्षेत्रको दायाँ बायाँ रहेका रुख काट्नु सार्वजनिक अपराध हो । यसरी रुखहरु काटिएको पाईएमा नियम कानून बमोजिम कारवाही हुने व्यहोरा जानकारी गराउँद छौ । सडक हाम्रो सार्वजनिक सम्पति हो, यसका संरक्षण र सम्बर्द्धन गरौ, सडक सफा राखौं र सडक अतिक्रमण हुनबाट जोगाऔं ।*

**सडक डिभिजन कार्यालय विराटनगर प्रदेश नं. १**


## जसपा...

जितेको हो, उनीहरूको काम नगरेर अरू कसैको सेवा कसरी गर्ने ?

उपेन्द्र यादवसँग नजिकको सम्बन्ध बनाएका एक मधेशी बुद्धिजीवीको बुझाइ यस्तै छ । पार्टीलाई राष्ट्रिय बनाउने सोचका साथ एकतामा गए पनि पहाडबाट भोट नआइरहेको उहाँको तर्क छ । उहाँ भन्नुहुन्छ, 'भोट कम आए पनि पहाडी समुदायका नेता कार्यकर्ताहरूको दुईथरी मागले हामी सशंकित भएका छौं ।'

पहिलो, पार्टीभित्र कुरा गरौं । सुरुमा भन्यो आलंकारिक अध्यक्ष भए पनि डा. भट्टराईलाई दिनुपर्‍यो । यत्रो विद्वान, प्रधानमन्त्री भइसकेका मानिसलाई कसरी तल राख्ने भनेर संघीय परिषदको निर्माण गरियो । अब अहिले आएर उपेन्द्र जत्तिको कार्यकारी अधिकार मागेको भनिएको छ ।

अब आफैंले बनाएको पार्टी, भोट जति मधेशबाट मात्रै आउने अनि तीन क्लस्टर र समावेशीको नाममा बराबरीको कार्यकारी अधिकार दिन थाल्यो भने पार्टी राष्ट्रिय बन्ने कहिले हो कहिले, आफैंले बनाएको पार्टी पनि गुम्ने पो हो कि ! यो भय अध्यक्ष यादवमा देखिन्छ ।

दोस्रो, पार्टी सत्तामा जाँदा हरेक मन्त्रालयमा सल्लाहकार, विज्ञको नाममा हिमाल/पहाडका मान्छेलाई राख्नुपर्ने ! हामीले निर्वाचन जितेको ठाउँको मानिसलाई व्यवस्थापन गर्न नपाउँदै पार्टीलाई समावेशी बनाउने नाममा लाभ लिनेहरूको दबाव थेग्नुपर्ने ! यस्तो अवस्थामा हिजोदेखि आन्दोलन गरेका, शुभेच्छुक कार्यकर्ता, बुद्धिजीवीहरू छुटिहाल्छन् । राजदूत नियुक्तिमा पनि यस्तै भयो । त्यसैले अब यो ठूलो पार्टी, राष्ट्रिय पार्टी बनाउने नाममा भएको क्षेत्रीय आधार पनि गुमाउनुभन्दा मधेशकेन्द्रित पार्टी नै राख्ने कि ? अध्यक्ष यादव पक्षीय समूहमा यस्तो छलफल चल्नु अस्वाभाविक होइन ।

### नेताहरूको सोच र कार्यशैलीमा समस्या

अशोक राई र बाबुराम भट्टराईले उपेन्द्र यादवलाई नचिनेर पार्टी एकीकरण गरेका होइनन् । अशोक राई नेकपा एमालेको केन्द्रीय सदस्य हुँदा उपेन्द्र यादव त्यही पार्टीको सुनसरी जिल्ला कमिटी सदस्य हुनुहुन्थ्यो । डा. बाबुराम भट्टराई माओवादी जनयुद्धका दोस्रो सबैभन्दा उच्च नेता हुँदा उपेन्द्र यादव त्यस पार्टीका एक सामान्य बुद्धिजीवी कार्यकर्ता हुनुहुन्थ्यो । तर पनि के देखेर नेताद्वयले उपेन्द्र यादवसँग एकीकरण गरेका होलान् ?

अशोक राईको संघीय समाजवादी पार्टी नचल्ने भएपछि धेरै जनजाति नेताहरू एमालेतिरै फर्किन थालेका थिए । अशोक राईले उपेन्द्र यादवको पार्टीसँग एकीकरण गर्ने प्रस्ताव गर्दा धेरैले प्रश्न गरेका थिए- हामीले तपाईंलाई नेता मान्ने अनि तपाईं चाहिं आफ्नै कार्यकर्तालाई नेता मान्ने ? अर्थात् धेरैले उपेन्द्र यादवको नेतृत्व स्वीकार्ने पक्षमै थिएनन् । तर, अशोक राईले बडोसँग भन्नुभएको थियो, 'जनजातिहरू आन्दोलित भइसकेका छैनन् । मधेशीहरूले आन्दोलन गरेर धेरै थोक पाइसकेको अवस्था छ । मधेशी र जनजाति नमिली हुन्न । तसर्थ जो आन्दोलित छ, उसको नेतृत्व स्वीकारौं । मधेशी र जनजातिको संयुक्त आन्दोलनको तयारीमा जुटौं ।'

डा. बाबुराम भट्टराईको पनि अवस्था भिन्न थिएन । फरक फरक समयमा ती दुवै नेताले उपेन्द्र यादवसँग पार्टी एकीकरण गरेको भए पनि दुवैको भावना उपेन्द्र यादवलाई नेता नस्वीकार्ने थियो भन्ने कुरा अनुमान गर्न सकिन्न । त्यस्तो सोचाइ भएको भए एकीकरण नै हुने थिएन होला ।

पार्टीको मताधार मधेश प्रदेश र मधेशी समुदाय रहेकोमा पनि उहाँहरू जानकार नहुने कुरै थिएन । तर, एकीकरण गरेर उपेन्द्र यादवलाई नेता मानिसकेपछि पनि पार्टी सञ्चालनमा सामान्य राजनैतिक व्यवहार र इमानदारीको अनुभूति हुँदैन भने आन्दोलन र भविष्यमा पार्टीको साइज जस्ता कुरा गौण हुनजान्छ । सवाल स्वाभिमान र आत्मसम्मानको हुनजान्छ, त्यतिबेला मानवीय स्वभावले नै बदलाको भावलाई रोक्न गाह्रो हुन्छ । जसपाभित्र अहिले त्यही भएको हो ।

यहाँनिर सबैले आ-आफ्नो धरातलबारे फेरि एकपटक ठण्डा दिमागले सोच्नु जरूरी छ । बाबुराम भट्टराईको बौद्धिक व्यक्तित्व, दूरदर्शी सोच र सामाजिक पूँजीलाई समग्र जसपाकै पूँजीको रूपमा विकास गर्न उपेन्द्र यादव जति उदार हुनु जरूरी छ, भट्टराईले पनि आफ्नो खस-आर्य क्लस्टरबाट पार्टीले भोट पाउन नसकिरहेको यथार्थलाई स्वीकार्नु त्यतिकै जरूरी छ ।

खस-आर्य समुदायका नेता, कार्यकर्तालाई राज्य संचालनको व्याकरणको जानकारी रहने हुनाले सत्ताबाट फाइदा लिने तरिका जान्नु नौलो होइन । तर तिनले बुझ्नुपर्छ कि उपेन्द्र यादवको मतदाता वा कार्यकर्ताहरू राज्यमा पछाडि परेकै कारण पटक-पटक विद्रोह गरेका हुन् । त्यसैले न आज उपेन्द्र यादव नेता भएका हुन् । तसर्थ ती कार्यकर्ता पंक्तिको भावना, आवश्यकता आदि बुझेर अगाडि बढ्दा राम्रो हुने हो ।

अशोक राईको शालीन व्यक्तित्व, संगठन क्षमताबारे भनिरहनु परेन तर पहिचानको आन्दोलनमा लागेदेखि नै उहाँको गतिशीलतामा ह्रास आएको देखिन्छ । सार्वजनिक मञ्चहरूमा विरलै देखिनुहुन्छ भने कार्यकर्ताहरूसँगको अन्तरक्रिया, सत्संगमा बाँकी दुई नेताभन्दा धेरै पछाडि हुनुहुन्छ । सीमान्तकृतहरू एक्लै एक्लै संगठन र राजनीति गर्ने त एउटा कुरा हो तर वर्चस्वशाली समुदायका मानिससँग मिलेर राजनीति गर्ने सोच हो भने त्यसअनुसार आफूलाई रणनैतिक बनाउनै पर्छ । बाहिरबाट हेर्दा अशोक राईमा यो कुराको अभाव प्रष्टै देखिन्छ ।

उपेन्द्र यादवको विगत डेढ दशकको राजनीति यात्रालाई नियाल्दा उहाँ जति जति बलियो हुँदै जानुभएको छ, त्यति नै शंकालु पनि । आफ्नो वरिपरिका जो-कोहीबाट पनि त्रास महसुस गर्ने र उसको विरुद्ध षड्यन्त्र बुन्न थालिहाल्ने उहाँका दर्जनौं उदाहरण लेख्न सकिन्छ ।

अहिले बाबुराम भट्टराई र अशोक राईसँग मात्र खटपट भएको भए अपवाद मान्न सकिन्थ्यो । महेन्द्र राय यादव, राजकिशोर यादव, इस्तियाक राईहरूसँगको खटपट पनि नजरअन्दाज गर्न सकिन्छ तर कुरो त्यतिमै टुगिंदैन ।

विगतमा जेपी गुप्ता, सीतानन्दन राय, विजय गच्छदार, जितेन्द्र देव, रामेश्वर राय, भरतविमल यादव, महन्त ठाकुर, राजेन्द्र महतो जस्ता कुनै पनि स्थापित नेताहरूसँग पार्टी सञ्चालनको सवालमा उहाँको कुरा नमिल्नु गम्भीर समस्या हो ।

एउटा भनाइ छ, 'कुनै एक वा दुई जनासँग कुरा मिल्दैन भने ती व्यक्तिसँग कुरा गर्नुपर्छ । तर, यदि कसैसँग पनि कुरा मिल्दैन भने आफूसँग कुरा गर्नुपर्छ ।' लाग्छ, उपेन्द्र यादवले आफैंसँग कुरा गर्ने बेला भइसकेको छ ।

मधेश विद्रोहको लिगेसी, मधेशी समाजको एउटा तप्काको भोटमा जबर्जस्त पकड भएको उपेन्द्र यादवलाई व्यक्तिगत राजनीतिको लागि भट्टराई र राई त नचाहिएला तर पहिचानको राजनीतिलाई नयाँ उचाइ दिनुछ भने अहिलेको जसपाभन्दा राम्रो संगमस्थल भेट्टाउन गाह्रो पर्ला । जसपा अहिले विभाजन भए पनि नभए पनि उपेन्द्र यादवले आफ्नो सोच, संवाद र पार्टी सञ्चालनको शैलीमा पुनर्विचार नगरे विभाजनको क्रम रोकिने छैन ।







